**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 5, Volume 5, Issue 1, April 2023
Published by Sotang Public Campus

# ताप्लेजुङ स्थित पाथिभरा देवस्थलको सांस्कृतिक सम्पदा

**भूपाल कुमार सेन्दाङ**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Bhupal Kumar Sendang Email: bhupalsendang@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v5i1.65060*

**लेखसार**

*ताप्लेजुङ जिल्लाको सदरमुकाम फूङलिङ बजारदेखि करिब साढे उन्नाईस किलो मिटर उत्तर ३७९४ मीटर अग्लो पहाडमाथि पाथीभरा देवस्थल रहेको छ । पाथीभरा देवस्थल रहेको डाँडो पाथीमा अन्न भर्दा बन्ने आकृतिसंग दुरुस्तै मिल्ने भएकोले यसको नाम पछिल्लो समयमा पाथीभरा रहेको देखिन्छ । परापूर्व कालदेखि यहाँ बसोवास गर्ने आदिवासी लिम्बू जातिले भने पाथीभरा देवस्थल रहेको पहाडलाई 'सेमुक्ति मुक्तिगोक वा मुक्कुमलुङ' नामले पवित्र शक्तिदायिनी पहाडका रुपमा पूज्ने गर्दछन । हाल आएर पाथीभरा देवस्थल किरात, हिन्दू, बौद्ध र बोन धार्मावलम्बीहरुको धार्मिक आस्थाको साझा केन्द्रको रुपमा रहेकोले यहाँ हरेक बर्ष हजारौको संख्यामा भक्तजनहरु आउने गर्दछन । यस प्रकारको धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यस देवस्थलको हालसम्म व्यवस्थित खोज-अनुसन्धान नहुँदा यसको ऐतिहासिक र सांस्कृतिक पक्षहरु सबैसामु प्रकाशमा आउन सकेको छैन । उक्त पृष्ठभूमिमा यस देवस्थलको स्थापना कहिले भएको थियो ? देवस्थलसँग सम्बन्धित के कस्ता मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरु रहेका छन् ? भन्ने मुख्य अनुसन्धान प्रस्नहरुको जवाफ प्राप्त गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको छ । यस अनुसन्धानबाट हालसम्म लुप्त रहेको पाथीभरा देवस्थलको उत्पत्ति र स्थापनाको ऐतिहासिक पक्ष र देवस्थलसँग सम्बन्धित मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरुको प्रकाशन हुनेछ । यो अध्ययन विशेषत अन्वेषणात्मक प्रकृतिको गुणात्मक तथा ऐतिहासिक अध्ययन हो । यसमा आवस्यक प्राथमिक तत्थ्यहरु अवलोकन र अन्तर्वार्ताको माध्यमबाट र द्वित्तीयक तत्थ्यहरु देवस्थलसँग सम्बन्धित प्रकाशित अप्रकाशित पुस्तक, लेख-रचना तथा शोधपत्रहरुबाट संकलन गरिएका छन । यी तत्थ्यहरुलाई ब्याख्या र विश्लेषण गरेर हेर्दा पाथीभरा देवस्थलको स्थापना आजभन्दा करिव एक सय पचहत्तर वर्षअघि वा सो समयको आसपासमा भएको देखिन्छ । प्रारम्भमा यस देवस्थल साधा शिला खडागरी स्थापना गरिएकोमा हाल यहाँ विभिन्न देवीदेवताको शिला तथा धातुका मूर्तिहरु स्थापना गरिएका छन । यस देवस्थलमा रहेका प्रमुख मूर्त*

*सांस्कृतिक सम्पदाहरुमा पाथीभरा देवीको पुरानो साधा ढुङ्गेमूर्ति, धातुबाट बनेको कालीका भगवतीको मूर्ति, गणेशको मूर्ति, भैरवको मूर्ति, दुर्गाको मूर्ति, शिवलिङ्ग, पाटीहरु तथा घण्टीहरु रहेका छन । यस्तै अन्य मूर्त सांस्कृतिक सम्पदाहरुमा यस देवस्थल परिसर रहेको मुक्कुमलुङ यूमामाङको माङहिम, हवन कुण्ड र महागुरु फाल्गुनन्दको शिलाको मूर्ति हुन । यस देवस्थलका अमूर्त सांस्कृतिक सम्पदाहरुमा शक्तिपिठको रुपमा यस देवस्थललाई पूजिने विश्वास र परम्परा, पशुपंक्षीको भोगबली वा विना भोगबली पनि फलफूल चढाई देवीको पूजाआजा गर्ने प्रचलन, पाथीभरा देवीको दर्शन गरेमा सन्तान प्राप्ति, व्यपार वृद्धि , रोगव्याधी उन्मुलन ,आफुलाई परेको दुख र समस्याबाट मुक्ति भई परिवारमा आरोग्य, ऐश्वर्य र चिरायु प्राप्ति हुने भक्तजनहरुको विश्वास र यस  देवस्थलमा  विशेषत दशैंको नौरथा, चैते दशै र चण्डिपूर्णिमाको समयमा लाग्ने जात्रा-पर्वहरु मुख्य रुपमा रहेका छन ।*

**मुख्य शब्द :** ताप्लेजुङ जिल्ला, पाथीभरा देवस्थल, मुन्धुम, संस्कृति, सेमुक्ति मुक्तिगोक/मुक्कुमलुङ ।

## परिचय

ताप्लेजुङ जिल्ला नेपालको मानचित्रमा सुदुर पूर्वोत्तर भागमा रहेको छ । यो उच्च हिमाली पर्वत शृङ्खलाहरुले भरिपूर्ण एक हिमाली जिल्ला हो । यस जिल्लाको पूर्वमा भारतको सिक्किम राज्य, पश्चिममा संखुवासभा जिल्ला, उत्तरमा चीनको तिब्बत प्रदेश र दक्षिणमा तेह्रथुम र पानथर जिल्ला पर्दछन् । संघीय संरचना अनुसार यस जिल्लालाई एक नगरपालिका र आठवटा गाउँपालिकामा विभाजन गरिएको छ । तत्कालिन जिल्ला विकास समिति ताप्लेजुङको बस्तुस्थिति विवरण (District Profile) - २०७२ अनुसार यो जिल्ला २७° १५' देखि २७° ५४' उत्तरी आक्षांश र ८७° २७' देखि ८८° १२' पूर्व देशान्तरसम्मको भौगोलिक अवस्थितिमा फैलिएर रहेको छ । ताप्लेजुङ जिल्लाको कुल क्षेत्रफल ३६४६ वर्ग किलोमिटर रहेको छ ।

ताप्लेजुङ जिल्लामा विभिन्न जातजाति र धर्म-सम्प्रदायका मानिसहरुको बसोबास रहेको छ । यस जिल्लामा मानिने मुख्य धर्महरुमा किरात, हिन्दू र बुद्ध हुन । यहाँ बसोबास गर्ने मुख्य जातजातिहरुमा लिम्बू, ब्राह्मण, क्षेत्री, शेर्पा, तामाङ, गुरुङ, नेवार, राई, सुनुवार, मगर, कामी, दमाई, सार्की, याक्खा, वालुङ, ताप्केगोला र भुजेल हुन । ती मध्ये यस जिल्लामा किरात धर्म मान्ने याक्थुङ/लिम्बू जातिको सघन बसोवास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तत्थ्याङ्क अनुसार ताप्लेजुङ जिल्लाको कुल जनसंख्या १२०५९० मध्ये करिब ४२.०८ प्रतिशत अर्थात ५०७४८ जनसंख्या लिम्बू जातिको रहेको छ ।

ताप्लेजुङ जिल्लामा रहेको पाथीभरा देवस्थल एक महत्वपूर्ण धार्मिक स्थल हो । यो देवस्थल मुख्यगरी शक्तिपिठको रुपमा परिचित छ । पाथीभरा देवस्थल ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङलिङ वजारदेखि साढे उन्नाईस किलोमिटर उत्तरमा फूङलिङ नगरपालिका, फक्ताङलुङ गाउँपालिका र सिरिजङ्गा गाउँपालिकाको संगमस्थलमा ३७९४ मीटर (१२४४८ फिट) अग्लो , पाथी भरेझै चुलिएको , प्राकृतिक सुन्दरताले अत्यन्त आकर्षक तथा मनमोहक स्थानमा रहेको छ । यसको तस्वीर परिशिष्ट - क चित्र नं. १ मा दिईएको छ । पाथीभरा देवस्थल रहेको डाँडो पाथीमा अन्न भर्दा बन्ने आकृतिसंग दुरुस्तै मिल्ने भएकोले

यसको नाम पछिल्लो समयमा पाथीभरा रहेको भनाई छ (थापा, वि.सं.२०७४, पृ.२२) । पाथीभरा देवस्थल खुला आकाशमुनि स्थापित देवस्थल भएकोले यहाँ देवताको मन्दिर निर्माण गरिएको छैन । देवीलाई खुला स्थानमा राख्नुपर्छ, आकासको छानो भएको पृथ्वी नै देवीको वासस्थान वा घर हो भन्ने परम्परागत मान्यता अनुसार पाथीभरा डाँडाको चुचुरोमा निश्चित क्षेत्रलाई घेरेर यस देवस्थल स्थापना गरिएको छ । देवस्थलको तस्वीर परिशिष्ट - ख चित्र नं. २ मा दिईएको छ ।

पाथीभरा देवस्थल किरात, हिन्दू , बुद्ध र बोन धर्माबलम्बीहरुको आस्थाको साझा केन्द्र हो । किरात धर्मावलम्बी याक्थुङ/लिम्बू जातिले पाथीभरालाई सेमुक्ति मुक्तिगोक, सेमुक्ति मुक्तिबुङ, मुक्तिफो माङ, सेमुक्तु मुक्तुरामाङ र मुक्कुमलुङ जस्ता अनेकौं पर्यायवाची नामहरुले शक्तिदायिनी पहाडको रुपमा यसको पूजा गर्दछन भने हिन्दू धर्मावलम्बीहरुले शक्तिकी देवी पंचकन्य कालिका भगवतीको प्रतिकको रुपमा पूजाआजा गर्दछन । यस्तै बौद्धमार्गिहरुले पाथीभरालाई दश दिशाकी रक्षक भनेर स्त्रीशक्ति कि प्रतिक सुङ्माको रुपमा पुजाआज गर्दछन । कतिपय बौद्धमार्गी शेर्पाहरुले पाथीभरालाई रक्ता सेदिङ्मा तथा माजिलाप्टामा भनेर पूज्दछन (नेपाल , वि.सं. २०७४, पृ. ११८) । पाथीभरा देवीको पूजाआज बोन धर्म-परम्परा अनुसार हालसम्म पनि धामीझाक्रीहरु मार्फत विभिन्न जीवजन्तु भोगवलि दिएर गरिने प्रचलन रहेकोले वोन धर्मालम्बीहरुले पनि यस देवीलाई शक्तिको प्रतिकको रुपमा मानीपूजी ल्याएका छन ।

संस्कृति मानवको जीवन पद्धति हो । यो मानवले आफ्नो जीवनलाई सहज र व्यवस्थित तरिकाले जीउनको लागि अपनाएको तौरतरिका र विकास गरेको प्रणाली हो । यसभित्र मानिसको सामाजिक जीवनका सम्पूर्ण क्रियाकलापहरू समेटिएका हुन्छन् । मानवशास्त्री E.B. Tylor को परिभाषा अनुसार “संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा ज्ञान, कला, विश्वास, नैतिकता, कानुन, प्रथा तथा सम्पूर्ण क्षमता र गुणहरू सम्मिलित हुन्छन जुन कुराहरू समाजको सदस्य हुनुको नाताले मानिसले समाजबाट प्राप्त गर्दछ” (Tylor, 1871, P. 1-2) । मानवशास्त्री Malinowski को भनाइमा “संस्कृति मानिसका शारीरिक र मानसिक आवस्यकता परिपूर्ति गर्न बनाइएको साधन हो” (Malinowski, 1960, p. 39-40) । यसबाट के स्पष्ट हुन्छ भने मानवका रीतिरिवाज, धर्म, परम्परा, भाषा, कला, चालचलन, पेशा, आनीबानी, लवाइखुवाइ, भेषभूषा, विश्वास, मूल्य-मान्यताहरु जस्ता सम्पूर्ण विषयहरू सांस्कृतिक अध्ययन अन्तर्गत पर्दछन् ।

मानव संस्कृतिलाई मूलतः मूर्त र अमूर्त गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिने परम्परा रहेको छ । मूर्त सांस्कृतिक सम्पदाहरूमा भौतिक, दृष्य र निश्चित रूपरंग तथा आकार प्रकार भएका वस्तुहरू-मन्दिर, विहार, चैत्य, गुम्बा, मस्जिद र विभिन्न देवीदेवताका प्रतिमाहरूको बनोट, आकार, शैली र तिनीहरूको संस्कृतिसंग सम्बन्ध जस्ता विषयहरूको अध्ययन गरिन्छ । यता अमूर्त संस्कृति सम्पदाहरूमा भने मानव समुदायको विश्वास प्रणाली, चालचलन, भाषा, साहित्य, कला, रीतिरिवाज, मूल्य-मान्यता र परम्परा आदिका रूपमा रहेका अभौतिक एवं अध्यात्मिक विषय-वस्तुहरूको अध्ययन गरिन्छ ।

विशिष्ट धार्मिक तथा सांस्कृतिक महत्व बोकेको पाथीभरा देवस्थलको ऐतिहासिक र सांस्कृतिक पक्षको हालसम्म गहन अध्ययन हुन सकेको छैन् । भएका सिमित अध्ययनहरुबाट पाथीभरा देवस्थलको ऐतिहासिक र सांस्कृतिक पक्षहरुको स्पष्ट जानकारी प्राप्त हुन सक्दैन । यो देवस्थलको स्थापना कसले र

कहिले गरेको ? भन्ने यथार्थ तत्थ्य अझपनि यकिन हुन सकेको छैन । अर्को तर्फ पाथीभरा मन्दिर परिसरमा स्थापित देवी-देवताहरुको मूर्तिहरु, स्थापित देवी-देवताहरुका थान थपनाहरु जस्ता मूर्त सांस्कृतिक सम्पदाहरु तथा यस देवस्थलसँग सम्बन्धित धार्मिक आस्था, मान्यता, पूजाको विधि-पद्धति तथा परम्परा जस्ता अमूर्त सांस्कृतिक सम्पदाहरु के के रहेका छन् ? भन्ने सम्बन्धमा हालसम्म खासै प्राज्ञिक अध्ययन अनुसन्धान हुन सकेको छैन । यिनै अनुसन्धान प्रश्नहरुको जवाफ प्राप्त गर्ने उद्देश्यकासाथ प्रस्तुत अध्ययन अघि बढाइएको छ ।

प्रस्तुत अध्यायन गुणात्मक अनुसन्धान विधि प्रयोग गरी तयार गरिएको आलेख हो । विषयगत रुपले यस अध्ययनलाई पाथीभरा देवस्थलको ऐतिहासिक पक्ष र यहाँ रहेका मूर्त तथा अमूर्त संस्कृतिको खोजमा सिमित गरिएको छ । पाथीभरा देवस्थलको ऐतिहासिक पक्षको खोजिनीति गर्ने विषय समेत भएकोले यो एक ऐतिहासिक अनुसन्धान पनि हो । यस अध्ययनमा प्राथमिक तथ्याङ्कहरु अवलोकन र अन्तर्वार्ताको माध्यमबाट र द्वितीयक तथ्याङ्क प्रकाशित-अप्रकाशित पुस्तक, लेख-रचना, शोधपत्र तथा वंशावलीहरुबाट संकलन गरिएका छन । दुवै स्रोतहरुबाट प्राप्त तत्थ्यहरुलाई सम्पादन तथा व्याख्या-विश्लेषण गरी त्यसको विश्वासनीयता प्रमाणित भएपछि त्यसलाई विषय र उद्देश्य अनुसारका विभिन्न शीर्षकहरुमा राखी वर्णनात्मक शैलीमा यो आलेख तयार गरिएको छ ।

## पाथीभरा देवस्थलको ऐतिहासिक पक्ष

### मुन्धुममा पाथीभराको प्रसङ्ग :

मुन्धुम याक्थुङ/लिम्बू जातिको धर्मशास्त्र, ज्ञानशास्त्र र जीवन दर्शन हो । मुन्धुममा पाथीभरा देवीलाई "सेमुक्ति मुक्तिगोकमाङ/मुक्कुमलुङमाङ" भनिएको छ । पाथीभरा डाँडा याक्थुङ/लिम्बू जातिको आस्था र परम्परा जोडिएको एक महत्वपूर्ण मुन्धुमी स्थल हो (सेन्दाङ, वि.सं. २०८०, पृ. ५६) । मुन्धुममार्गी याक्थुङ/लिम्बू जाति प्रकृतिपूजक भएकोले उनीहरुमा विभिन्न देवदेवीहरुको मूर्ति निर्माण गरी पूज्ने परम्परा देखिदैन । तसर्थ उनीहरुले पाथीभरा डाँडाको प्राकृतिक स्वरुपलाई देवता अर्थात "माङ" को रुपमा पूजा गर्ने गरेको देखिन्छ ।

लिम्बू जातिको धर्मशास्त्र मुन्धुममा पाथीभराको प्रसङ्ग सेमुक्ति मुक्तिगोक/मुक्कुमलुङ नाममा यत्रतत्र उल्लेख भएको पाइन्छ । लिम्बू जातिले पाथीभरा डाँडालाई सेमुक्ति मुक्तिबुङ (मेन्याङबो, वि.सं. २०६२, पृ. १०१-१०२), मुक्तिफोमाङ (हज्सन पाण्डुलिपि, खण्ड ८६, फोलियो -२ द), सेमुक्ति मुक्तिगोक (मावोहाङ, वि.सं. २०६९, पृ. १२१), मुक्तिगोक माङ (स्रेङचोङबाङ, वि.सं. २०७०, पृ. ३०), सेमुक्तो मुक्तोगो (आङबुङ, वि.सं.२०७९, पृ. १५९६), सेमुक्तु मुक्तुरा माङ (डम्बर येङदेन, ब्यक्तिगत अन्तर्वार्ता), मुक्कुमलुङ (मादेन, वि.सं.२०७९, पृ. २७) र मुक्कुमलुङ्मा (थापा, वि.सं. २०७४, पृ. ४) भनी अनेकौं पर्यायवाची नामहरुले शाक्तिदायिनी पहाडको रुपमा आदिमकालदेखि मानीपूजी ल्याएको देखिन्छ । लिम्बू भाषामा 'सेमुक्ति मुक्तिगोक' को शाब्दिक अर्थ 'से' भनेको पवित्र , 'मुक्' भनेको शक्ति, 'ति' भनेको बलिरहने र 'कोक्मा' भन्नाले डाँडा वा पहाडको टुप्पो भन्ने हुन्छ । त्यसैले सेमुक्ति मुक्तिगोक/मुक्कुमलुङ भन्नाले शक्ति गुञ्जिरहने पवित्र पहाड हो ।

विभिन्न याक्थुङ मुन्धुमहरुमा सेमुक्ति मुक्तिगोक/मुक्कुमलुङ वा पाथीभराको प्रसङ्ग पाइन्छ । याक्थुङ/लिम्बूहरुको "नेत्तिफुङ चाङमा"(युवयुवतीको सुस्वास्थ्य र श्रीबृद्धिको लागि गरिने पूजा) अनुष्ठानमा पूजारीले देवीदेवताको पुकार गर्दै आउने क्रममा "फक्ताङलुङ सम्धो, पेम्बेनलुङ सम्धो, इसालुङ सम्धो, फासेलुङ सम्धो, पोरोक्लुङ सम्धो, यम्फालुङ सम्धो , सेवालुङ सम्धो , सेसेलुङ सम्धो, सेमुक्ति सम्धो, मुक्तिबुङ सम्धो" भनी पुकार गर्दछन् (मेन्याङबो, वि.सं. २०६२, पृ. १०१-१०२) । यहाँ मुन्धुममा फक्ताङलुङ, सेबालुङ, इसालुङ, फासेलुङ, पोरोक्लुङ यम्फालुङ आदि माङ (देवता) हरुलाई पुकार्दै जाँदा "सेमुक्ति मुक्तिबुङ" भनी पाथीभरालाई पनि देवताको रुपमा पुकार गर्ने गरिन्छ ।

याक्थुङ/लिम्बूहरुको "तङ्सिङ तिक्मा मुन्धुम" (ग्रहदशा पन्साउने मुन्धुम) मा "पूजिरी पुधामलुङ पोनाहा, सामजिरी साधामलसुङ पोनाहा, निगिजङ पोनाहा र सेमुक्ति मुक्तिगोक पोनाहा" भनी सेमुक्ति मुक्तिगोक अर्थात पाथीभराको प्रसंग उल्लेख भएको पाइन्छ (मावोहाङ, वि.सं. २०६९, पृ. १२१) । मुन्धुमको यस प्रसङ्गमा 'पोनाहा' भनेको तङ्सिङ अनुष्ठानमा गर्दा थानमा राखिने निसान हो । यस मुन्धुममा पूजिरी पुधामलुङ, सामजिरी साधामलसुङ, निगिजङ र सेमुक्ति मुक्तिगो जस्ता पवित्र स्थलहरुको निसानलाई सम्बोधन गरिएको छ ।

यस्तै मुन्धुम साम्वा (मुन्धुमविद्) डम्बर येङदेनका अनुसार  याक्थुङ/लिम्बूको "माङ्गोन्ना" (शीर उठाउने पूजा), "चासोक" (न्वगीपूजा) र "तङ्सिङ तिक्मा" (दशाग्रह पन्छाउने) पूजागर्दा आरम्भमा सबै देवी देवतालाई पुकार गर्दै जगाउँदै जाँदा सेमुक्ति मुक्तिगोक अर्थात पाथीभरलाई सेमुक्तु मुक्तुरामाङ भनी पुकारिने मुन्धुम रहेको छ । मुन्धुमका केही हरफहरु हेरौं :

सेमुक्तु मुक्तुरा माङ्डे

हामुको मुक्कुमा साम्मे

हेने आक्खो तिङतिङे नाहेनमु मेपोगगर

मिक्सोए मेपोगगर

तिङतिङे हारामी कयो येवेओ

केनिमा यन्लो, केथामा यन्लो

सेमुक्तु मुक्तुरा माङ्डे (डम्बर येङदेन, ब्यक्तिगत अन्तर्वार्ता, माघ २७, २०७९) ।

भावानुवाद : हे शक्तिदायिनी सेमुक्तु मुक्तुरा (पाथीभरा)  देवी !  तिमी महान छौ, यँहा आई हामीलाई आँखीडाही र कुदृष्टिबाट बचाउ ।

याक्थुङ/लिम्बू समुदायका पूजारी साम्बा र येवाहरुले आफ्नो गुरुहरुको आराधना गर्ने मुन्धुम ( फोङसिङमा मुन्धुम) को वाचन गरी शक्ति माग्दा समेत सेमुक्ति मुक्तिगोक अर्थात पाथीभराको प्रसङ्ग यसरी आउँछ :

. . . सिङधोकलुङ असाङलुङ माङ्ङे

केतक्कुम मिवामा माङ्ङे

कुनुरी इङलेकसो माङ्ङे

फङफङ तेम्मा माङ्ङे

फाल्लेलुङ माङ्ङे

कुनुरी मुक्तिगोक माङ्ङे (स्रेङचोङबाङ, वि.सं. २०७०, पृ. ३०) ।

भावानुवाद : यहाँ असाङलुङ, मिवाखोला, इङलेक्सो (मानाभरा), फुङफुङ्ङे झरना, फालेलुङ पर्वत र मुक्तिगोक अर्थात पाथीभरालाई देवता (माङ) को रुपमा सम्बोधन गरिएको छ ।

**हिन्दू धर्मग्रन्थमा पाथीभरा देवीको उत्पत्ति प्रसङ्ग :**

हिन्दू धर्मावलम्बीहरुले खासगरी पाथीभरा देवीलाई शक्तिकी देवी कालिका भगवतीको प्रतिकको रुपमा पूजाआजा गर्दछन । विभिन्न हिन्दू धर्म ग्रन्थहरुमा शक्तिकी देवी कालिका भगवतीको उत्पतिबारे अनेकौ प्रसंगहरु पाइन्छन । ब्यासद्वारा रचित मार्कण्डेय पुराण अनुसार संसार जलमग्न भएको बेला शेष शैयामा सुतेका भगवान विष्णुको नाभिबाट उम्रेको कमल फूलको डण्डीको माथि ब्रह्मा उत्पत्ति भए भने विष्णुको कानबाट शक्तिशाली मधु र कैटव नाम गरेका असुरको उत्पत्ति भयो । शक्तिको कारणले तिनीहरुले जगतका सबैलाई त्रसित बनाए । ब्रह्मालाई पनि यिनीहरुले आपत पारे । यस्तो अवस्थामा यी असुरबाट आफू लगायत संसारको रक्षा गर्न विष्णु भगवानलाई जागा गराई देउ भनी ब्रह्माले भगवतीको स्तुती गरेपछि भगवती देवी प्रकट भइन (नेपाल , वि.सं. २०७४, पृ. ११२) ।

यस्तै अर्को एक प्रसङ्ग अनुसार देवी भगवतीको उत्पतिको आख्यान दुर्गा शप्तशतीमा उल्लेख छ । प्राचीन कालमा दानव र देवताबीचमा सैयौं बर्ष घमासान युद्ध हुँदा दानवका राजा महिषासुरले देवताका राजा इन्द्र र उनका सैन्यलाई हराएर देवताहरुको राजधानी स्वर्गमा कब्जा जमाए । यसपछि देवताहरु विचल्ली भई ब्रह्माको शरणमा गए । ब्रह्माको सल्लाह अनुसार उनीहरु भगवान बिष्णु कहाँ सहायता माग्न गए । देवताहरुको दुःख, पिडा र वेदनाहरु सुनेपछि भगवान विष्णु जब क्रोधित भए तब उनको मुख र अन्य देवताहरुको शरीरबाट प्रचण्ड तेज पैदा भयो । त्यही सामुहिक तेजबाट नै महिषासुर मर्दिनी भगवती दुर्गा उत्पन्न भइन (थापा, २०७०, पृ. ४-५) ।

लेखक शान्तिराम नेपालका अनुसार – 'सिंहस्योपरि शैलेन्द्र श्रृङ्गे महति काञ्चने' अर्थात सिंहको पीठमा पर्वतराज हिमालयको टाकुरामा देवी दुर्गाको साकार रुप प्रकट भयो (नेपाल, २०७४, पृ. ११२) । यस्तै उनी लेख्दछन – राज्य हरण भएका राजा सुरथ र पुत्र, भार्या, इष्टजनबाट अपमानित भएका समाधी वैश्यलाई महर्षि मेघाले देवी माताको निराहार ध्यान गर्न लगाए । त्यसपछि देवी माताको दर्शन प्राप्तभई सुरथ र समाधीको ईच्छा पूरा भयो । सुरथलाई गुमेको राज्य र समाधीलाई घरपरिवार र सम्मान प्राप्त भयो । पार्थिवं भरति इति "पार्थिव भरा" अर्थात राजा र प्रजाको इच्छा भरिपूर्ण गरी दिनु भएको हुँदा पार्थिव भरा हुँदै कालान्तरमा पाथीभरा देवीको उत्पत्ति भयो (नेपाल, २०७४, पृ. ११३) ।

**पाथीभरा देवस्थलको स्थापना सम्बन्धी किम्बदन्ती :**

पाथीभरा देवस्थलको कहिले स्थापना भएको थियो ? भन्ने प्रश्नको ऐतिहासिक प्रमाणको अभावमा हालसम्म भरपर्दो उत्तर प्राप्त हुन सकेको छैन । यस्तो अवस्थामा सत्यतत्थ्य कुरा पहिल्याउन पाथीभरा क्षेत्र आसपासमा बसोबास गर्ने मानव समुदायमा प्रचलित किम्बदन्ती वा लोकाख्यानको सहारा पनि लिन सकिन्छ । पाथीभरा देवस्थलको स्थापनासम्बन्धी यस क्षेत्रका मानिसहरुमा एक किम्बदन्ती प्रचलित छ । डिल्लिराम गुरुङका अनुसार - "अघि पथीभरा क्षेत्र भेडीगोठ चराउने ठूलो चौरी वा खर्क थियो । भेडीगोठ पाल्ने परम्परागत पेशाभएका आसपास गाउँका गुरुङ समुदायका मानिसहरुले त्यहाँ भेडीचोक राखी भेडा चराउँथे । एकदिन राति पाथीभराको टुप्पोमा राखिएको भेडी चोकबाट भेडाहरु अचानक हराए । उज्यालो भएपछि गोठालाहरुले चारौतिर भेडाहरु खोज्दा फेला परेनन । दिक्दार भएर गोठालाहरु त्यस दिन सुते । सुतेपछि सपनामा एकजना गोठालाई देवीले दर्शन दिइन र भनिन - 'तिमीहरुका भेडाहरुलाई मैले कतै ओडारमा लुकाएको छु , मलाई भाकल गरी भेडाको भोग दिई मेरो मानमनितो गर्छौ भने म भेडा फिर्ता गरिदिन्छु' । उक्त गोठालाले भोलिपल्ट उज्यालो भएपछि सपनामा देवीले दर्शन दिएको यो कुरा साथीहरुलाई सुनायो । त्यसपछि सबैले यहाँ त देवीको पो बास रहेछ भन्ने कुरा ठहऱ्याई भेडाहरु पाउन देवीलाई भेडाको भोगबली दिने भाकल गरे । त्यसपछि डाँडाको तलतर्फ चारैतिर भेडाको खोजीगर्दा एक ओडारमा भोडाहरु फेला परेछन । भाकल बमोजिम भेडाहरु फेला परेको ओडारमा गुरुङ भोडीगोठालाहरुले पहिलोपल्ट  साधा शिलाको देवीको प्रतिमूर्ति खडा गरी भेडाको भोगवली दिई पूजा गरे" (डिल्लिराम गुरुङ, ब्यक्तिगत अन्तर्वार्ता) ।

उल्लेखित किम्बदन्तीलाई आधार मान्दा पाथीभरा देवीको शुरु स्थापना गुरुङ (तमु) समुदायबाट भएको देखिन आउँछ । नेपालमा गुरुङ (तमु) समुदायको ऐतिहासिक थातथलो गण्डकी क्षेत्र हो । पश्चिम नेपालका विभिन्न भागहरुबाट तत्कालिन पल्लो किरात लिम्बूवानमा विभिन्न जातजातिका मानिसहरुको बसाई सराई पृथ्वी नारायण शाहको नेपाल एकीकरण अभियानपछि मात्र भएको देखिन्छ । गुरुङ समुदायका मानिसहरु तत्कालिन पल्लो किरात लिम्बूवानमा बसाइँ सरेको उक्त राज्य नेपालमा एकिकरण भएको समय वि.सं. १८३१  पछि भएकोले पाथीभरा देवस्थलको स्थापना पनि सो मितिभन्दा निकै पछि भएको देखिन आउँछ ।

**पाथीभरा देवस्थलको स्थापना र नामाकरण :**

प्रमाणको अभावमा पाथीभरा देवस्थल स्थापनाको निरपेक्ष तिथिमिति यकिन गर्न नसकिएको अवस्थामा इतिहासमा घटेका अन्य घट्नाहरुको सन्दर्भमा सम्बन्धित घट्नाको सापेक्ष कालक्रम निर्धारण गर्न सकिन्छ । शान्तिराम नेपालले आफ्नो शोधमा फुरुम्बू निवासी बीर बहादुर भट्टराईलाई स्रोतब्यक्ति उल्लेख गर्दै वि. स. १८९९ मा हाङदेवा बुङकुलङ (हाल फूङलिङ न.पा.- ९ मा पर्दछ) का मानचन गुरुङले पाथीभरा देवीको स्थापना गरेको हुन भन्ने कुरा जनाएका छन (नेपाल, वि.सं.२०६१, पृ.४१) । त्यस्तै उनले पाथीभराको देवस्थलमा झुण्ड्याइएको घण्टीहरु मध्ये सबैभन्दा पुरानो वि.सं. १९११ को फेला परेको भन्ने तत्थ्य पनि शोधबाट प्रकाशमा ल्याएका छन (नेपाल, वि.सं.२०६२, पृ.४२) । यी तत्थ्यहरुले हामीलाई पाथीभरा देवस्थल स्थापना भएको समयको नजिक नजिक पुग्न मद्दत पुऱ्याउँछ ।

फूङलिङ नगरपालिका वडा नं. ६ निबासी मानचन गुरुङकै भाइ नवराज गुरुङका पाँचौ पुस्ता मुनिका सन्तति डिल्लिराम गुरुङले संकलन गरेको अप्रकाशित हस्तलिखित 'कोरङ्गी लामा गुरुङ वंशावली' अनुसार मानचन गरुङदेखि हालसम्म मानचन, दुलोपचन, अबिदल, जितारी, सिरे, बृख बहादुर र सूर्य गरी सात पूस्ता व्यतित भएको पाइन्छ । वंशावलीबाट समय निर्धारण गर्दा सामान्यतया एक शताब्दीमा चार पुस्ता गणना गर्ने प्रचलन छ । सो बमोजिम समयक्रम निर्धारण गर्दा सात पुस्ताको एकसय पचहत्तर बर्ष समय हुन आउँछ । यो तत्थ्यले पनि वि.सं. १८९९ मा मानचन गुरुङले पाथीभरा देवीको स्थापना गरेको हुन भन्ने उल्लेखित भनाईसंग लगभग मेलखान आउँछ । सारांशमा यी सबै तत्थ्यहरुको विश्लेषणबाट पाथीभरा क्षेत्रमा देवस्थलको स्थापना आजभन्दा एकसय पचहत्तर वर्षअघि वा यसैको आसपासमा भएको थियो भन्ने देखिन्छ । यो देवस्थल स्थापना पश्चात लिम्बू भाषाबाट सेमुक्ति मुक्तिगोक/मुक्कुमलुङ भनिने यस पहाडलाई खसपर्वते भाषामा पाथीभरा नामाकरण गरिएको देखिन्छ (नेपाल, वि.सं. २०६२, पृ. ४२) ।

प्रारम्भमा पाथीभरा देवस्थल हाल रहेको स्थानभन्दा पूर्वतर्फ करिब डेढसय मिटर तल भिरालो र अप्ठेरो ओढारमा थियो । देवस्थलसम्म जाने बाटो भिरालो र अप्ठेरो थियो । समयक्रमसँगै पाथीभरा देवीको प्रचार-प्रसार बढ्नाले भक्तजनहरु पनि बढ्दै गएपछि ओढारमा रहेको देवीको ढुङ्गाको मूर्तिलाई हाल देवस्थल भएको पाथीभरा डाँडाको टुप्पोमा स्थानान्तरण गरी देवस्थल निर्माण भएको देखिन्छ । देवस्थल स्थानान्तरणको काम ताप्लेजुङ अमिनीका तत्कालिन लप्टन स्वर्गीय हर्कजंङ मादेन र त्यसबेलाका अन्य समाजसेवी ब्यक्तित्वहरुले वि.सं. १९९१-९२ सालतिर गरेका हुन (मादेन, वि.सं.२०७९, पृ.२९) । यसबाट पाथीभरा देवस्थल हालको स्थानमा स्थापना आजभन्दा करिब नब्बे बर्ष अघि भएको देखिन्छ ।

**पाथीभरा देवस्थलका मूर्त सांस्कृतिक सम्पदाहरु :**

पाथीभरा देवस्थलको स्थापनाको इतिहास त्यति पुरानो नभएकोले यहाँ स्थापना भएका मूर्त सांस्कृतिक सम्पदाहरुको ऐतिहासिक पक्ष पनि खासै पुरानो छैन । देवस्थल स्थापना भएको लामो समय अर्थात करिब डेढसय बर्षसम्म यहाँ कुनै देवताको मूर्तिहरु स्थापना भएको देखिदैन । त्यस समयसम्म देवताको प्रतिकको रुपमा खडा गरिएको साधा शिलालाई नै भक्तजनहरुले पूजा गरेको पाइन्छ । त्यसपछि क्रमश: यस देवस्थलमा विभिन्न धर्म सम्बद्ध देवीदेवताको मूर्तिहरु स्थापना हुँदै गएको देखिन्छ । पाथीभरा देवस्थलमा निम्न अनुसारका मूर्त सांस्कृतिक सम्पदाहरु रहेका छन (प्रत्यक्ष अवलोकन, चैत्र ११, २०७९) ।

**पुरानो साधा शिलाको मूर्ति :** यो पाथीभरा देवस्थलको स्थापना कालमा सर्वप्रथम देवीदेवताको प्रतिकको रुपमा खडा गरिएको साधा शिलाको मूर्ति हो । शिलाको मूर्तिमा कुनै आकृति कुदिएको छैन । यो ढुङ्गेमूर्ति करिव अढाई फिट अग्लो र डेढ फिट चौडाइको रहको छ । यो शिलाको मूर्ति हाल देवस्थलको प्राङ्गणमा राखिएको छ । पाथीभरा देवीको शिलाको पुरानो सक्कली मूर्ति यसैलाई मानिन्छ । भक्तजनहरुले आजपनि यसको महत्वको साथ पूजाआजा गर्दछन ।

**पुरानो दुर्गाको मूर्ति :** पाथीभरा देवस्थलमा स्थापित यो मूर्ति धातुबाट बनेको अलि पुरानो मूर्ति हो । यो मूर्ति देवस्थलमा कहिले स्थापना गरिएको हो ? भन्ने तिथिमिति यकिन छैन । पाथीभरा मन्दिर क्षेत्र

संरक्षण तथा सम्बर्द्धन समितिका पूर्व अध्यक्ष डिल्लीजङ मादेनका अनुसार मन्दिर परिसरमा रहेको यो दुर्गाको पुरानो मूर्ति आजभन्दा करिब ३५-४० वर्ष अघि पाथीभरा देवस्थलमा स्थापना गरिएको हो । यो मूर्ति उनका बाबु हर्कजङ मादेनले बनाउन लगाई आफ्नो जीवन कालमा घरमा पूजापाठ गरेको र उनको देहबसानपछि निजका नाति पूर्वमन्त्री बिष्णु मादेनले पाथीभरा देवीमा चढाएको बताएका छन (डिल्लिजङ मादेन, ब्यक्तिगत अन्तर्वार्ता) । पित्तलले वनेको यो मूर्ति डेढ फिट जति अग्लो रहेको छ । दुर्गादेवीको यस मूर्तिको १८ वटा हातहरुमा शंख, चक्र, गधा, धनु, कमलको फूल, त्रिशुल, ढाल आदि जस्ता आयुधहरु रहेका छन भने सिंहको वाहनमा देवी चढेकी र मैषासुर राक्षसलाई देवीले बध गरेको मूर्तिमा देखाइएको छ ।

**कालीका भगवतीको मूर्ति :** यो मूर्ति हिन्दू धर्मसंग सम्बद्ध कालिका भगवतीको हो । कालिका देवीलाई दुर्गादेवी पनि भनिन्छ । यो मूर्ति वि.सं. २०५८ सालमा स्थापना गरिएको धातुको मूर्ति हो । यो मूर्ति पित्तलले बनेको तथा सुनको लेपराखी बनाईएको छ । मूर्तिको उचाई ६ फिट रहेको छ । देवी सिंहको वाहनमा आसिन रहेकी छिन् । देवीले आठ हातमा आठ आयुधहरु शंख, चक्र, गद्या, धनु, कमलको फूल, त्रिशुल, र ढाल लिएकी छन् । शीरमा मुकुट लाएकी, नाकमा नत्थी, कानमा टप र साधा एकसरो माला पहिरेकी देवीलाई माथितिर फक्रिको कमलको पादपिठमा राखिएको छ । हिजोआज यस मूर्तिलाई भक्तजनहरुले पाथीभरा देवस्थलको मुख्य मूर्ति मानी पूजाआजा गर्ने गर्दछन ।

**गणेशको मूर्ति :** गणेशको अर्को नाम गणपति हो । हिन्दू धर्ममा सबैभन्दा पहिला पूजाहुने देवता गणेश हुन । उनलाई शिव पार्वतीका पूत्र तथा विद्या र बुद्धिका अधिष्ठाता मानी पूजा गरिन्छ (खतिवडा, वि.सं. २०७४, पृ. २७७) । मत्स्यपुराणमा गणपतिको मुख हात्तिको जस्तो हुनुपर्ने, उनका तीन नेत्र हुने, लामो तथा ठूलो पेट हुने, चार हातमध्ये दायाँ माथिल्लो हातमा आफ्नै दाँत, तल्लोमा कमल, बाँया माथिल्लो हातमा लड्डु तथा तल्लोमा परशु हुने, सर्पको यज्ञोपवित धारणा गर्ने, ठूलो कान, विशाल सुँड, एक दन्ती हुने गणपतिको प्रतिमा लक्षण बताईएको छ (पराजुली, वि.सं.२०७५, पृ. २४) । पाथीभरा देवस्थल परिसरमा मूल गेटबाट भित्र पस्ने वित्तिकै गणेशको मूर्ति राखिएको छ । पित्तलले बनेको यो मूर्ति साढे दुई फिट जति अग्लो छ । मुसाको वाहनमाथि गणेश भगवान आसिन यो मूर्तिको चारवटा हात रहेका छन् भने आयुधहरु परशु (वञ्चरो), लड्डु, कमलको फूल र एकहात वरद मुद्रामा रहेको अवस्थामा छ । मूर्तिको स्थापना २०६० सालमा भएको अभिलेखवाट देखिन्छ ।

**भैरवको मूर्ति :** हिन्दू धार्मिक मान्यता अनुसार भैरवलाई शिबको गण मानिएको छ । भैरवको बाहन कुकुर भएकोले यिनलाई मूर्तिमा कुकुरमाथि चढेको अवस्थामा देखाइन्छ । भैरवको संख्यापनि पाँच, आठ र १००८ सम्म भएको मानिन्छ (खतिवडा, वि.सं. २०७४, पृ. ८५५) । पाथीभरा मन्दिर परिसरभित्र झण्डै डेढफिट अग्लो पित्तलले बनेको एक भैरवको मूर्ति छ । यो मूर्ति कहिले स्थापना भएको भन्ने अभिलेख देखिन्दैन । भैरवको यस मूर्तिमा कुकुर वाहनमा भैरव चढेको र मुख बाएको डरलाग्दो आकृतिमा यसलाई देखाइएको छ ।

**शिवलिङ्गको मूर्ति :** शिवलाई संसारको सृष्टि, स्थिति र विनासको देवता मानिन्छ । शिवलाई हिन्दूहरुले लिङ्गस्थानी मान्दछन र तिनको पूजाआजा लिङ्गमा हुन्छ (खतिवडा, वि.सं.२०७४, पृ. ११८७) ।

पाथीभरा देवस्थल परिषरभित्र एउटा प्रस्तरको करिव आधाफिट अग्लो शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्गको पछाडी भागबाट पित्तलले बनेको पाचमुखे नागको मूर्ति पनि राखिएको छ ।

**अन्य देवीदेवताका थानथपनाहरु :** उल्लेखित मूर्तिहरु बाहेक देवस्थल परिषरमा वनदेवी, शिकारी, खोला देवी, पृतृदेव, संसारी र नै ग्रहपूजा गर्ने देवीदेवताका थानथपनाहरु रहेका छन् । यिनीहरुमा कुनै मूर्तिहरु राखिएका छैनन् । केवल साधा ढुङ्गहरु खडागरी थान-थपनाहरु बनाइएका छन् । भक्तजनहरु यिनै थानथपनाहरुमा यी देवीदेवताहरुको पूजाआजा गर्दछन ।

**सेमुक्ति मुक्तिगोक/मुक्कुमलुङ यूमा माङहिम :** पाथीभरा मन्दिरको नजिकै दक्षिण पूर्व तर्फको डाँडामा सेमुक्ति मुक्तिगोक/मुक्कुमलुङ माङहिम (मन्दिर ) निर्माण गरिएको छ । यो मन्दिरको माथितिर डाँडामा मानवजातिको सिद्धि शाक्तिको लागि किरात धर्म गुरु आत्मानन्द लिङ्देनको उपस्थितिमा वि.सं. २०७४ अग्लो लाम्चो ढुङ्गा गडी चोलुङ (शिर) खडा गरिएको छ । मुक्कुमलुङ यूमा माङहिम तल्ले शैलीको दुई तलाको माटो, काठ, ढुङ्गा र टिनले बनेको छ । माङहिम व्यवस्था समितिको अभिलेख अनुसार निर्माण सम्पन्न भएपछि यो माङहिम वि.सं. २०७६।०१।२९ मा किरात धर्मगुरु आत्मानन्द लिङदेनज्यूवाट विधिवत उद्घाटन भएको हो । माङहिमको नजिकै उत्तरतर्फ पर्खालले घेरिएको खुल्ला स्थानमा पूजापाठ गर्दा होम गर्ने धुनीकुण्ड रहेको छ । यस्तै माङहिमको नजिकै दक्षिणतर्फ किरात धर्मका दर्शनदाता महागुरु फाल्गुनन्दको करिव सात फिट अग्लो पूर्ण कदको प्रस्तरको शालिक छ । किरात धर्मका सत्यहाङमा पन्थका अनुयायीहरुले फाल्गुनन्द गुरुलाई माङ (देवता) सरह मानी उनको मूर्तिलाई पूज्ने गर्दछन ।

मुक्कुमलुङ युमामाङहिमको भित्र कुनै देवीदेवताको मूर्ति छैन । त्यहाँ जमिनदेखि आठ तलाको माटोको ढिस्को उठाई त्यसमाथि नौ तलामा दियो कलश राखी युमामाङको थानथपना बनाइएको छ जहाँ दैनिक विहान बेलुकी पूजा गरिन्छ । किरात धर्मदर्शन अनुसार यस पृथ्वीदेखि नौ तला/खुड्किला माथि स्वर्गलोक हुने र त्यँही नै लिम्बूहरुका आराध्य देवी युमामाङको वासस्थान रहने विश्वास रहेकोले नौ तलामाथि युमामाङको प्रतिक दियो-कलश राखी पूजाआजा गरिएको हो (लेखबहादुर पालुङ्वा, ब्यक्तिगत अन्तर्वार्ता) ।

**पाथीभरा क्षेत्रका धर्मशाल, घण्टीहरु र हवनकुण्ड :** पाथीभरा क्षेत्रमा धार्मिक प्रयोजनकालागि वनाइएका धर्मशाला तथा पाटीहरु साना ठूला गरी १८ वटा रहेका छन (प्रत्यक्ष अवलोकन, चैत्र ११, २०७९) । यी धर्मशालाहरु कतिपय दाताले बनाएका, कतिपय स्थानीय स्तरको पाथीभरा मन्दिर क्षेत्र संरक्षण तथा सम्बर्धन समिति र कतिपय सरकारी स्तरको पाथीभरा क्षेत्र विकास समितिले विभिन्न समयमा निर्माण गरेका देखिन्छ । हिजोआज पाथीभरा डाँडाको फेदीसम्म मोटर बाटो पुगेकोले भक्तजनहरु प्राय: यी धर्मशाला तथा पाटीहरुमा बास वस्दैनन् । यी पाटीहरु मध्ये कतिपय पाटीमा पाथीभरा क्षेत्रविकास समितिले औषधालय ,प्रहरी पोष्ट, पूजारी आवास भवन ,स्टोर आदि बनाई प्रयोगमा ल्याएका छन भने बाटोमा पर्ने कतिपय पाटीहरु बटुवाहरुलाई केहीक्षाण बसेर थकाइ मेट्ने प्रयोजनको लागि बनाइएका छन । अहिले अधिकांश भक्तजनहरु काफ्लेपाटी र ठूलो फेदीमा खोलिएका विभिन्न होटल र आवासमा वासवसी पाथीभरा देवीको दर्शन गर्दछन । यस्तै पथीभरा देवस्थल परिषरमा एक हवनकुण्ड घर निर्माण भएको देखिन्छ । यो

हवनकुण्ड घर वि.सं. २०६८ सालमा दाताबाट निर्माण भएको बताइन्छ (मनमणी काफ्ले, ब्यक्तिगत अन्तर्वार्ता) । देवस्थल क्षेत्रमा साना ठूला गरी अनुमनित दुई हजार भन्दा धेरै घण्टीहरु रहेका छन् । यी सबै घण्टीहरु भक्तजनले देवीको लागि चढाएको बुझिएको छ ।

**पाथीभरा देवस्थलका अमूर्त सांस्कृतिक सम्पदाहरु :**

पाथीभरा देवीको सामान्यतया दैनिक पूजापाठ हुने गर्दछ । पाथीभरा देवस्थलमा औशी, अन्धशुक्र, एकादशी तथा सोह्रश्राद्धको दिनहरु र समयमा पूजा हुदैन । साथै श्रावण महिना भगवतीदेवी गुप्तवास बस्ने भएकाले भक्तजनहरु पूजाको लागि देवस्थल जादैनन । अन्य दिनहरुमा आइतवार र बुधबार पनि भक्तजनहरुको कमै उपस्थिति हुने गर्दछ । यी तिथी, वार र महिनाबाहेक अरु सबै दिन पाथीभरा देवस्थलमा पूजाआजा गरिन्छ । यहाँ नियमित पूजाकालागि वि.सं.२०५७ सालदेखि पूजारीको व्यवस्था गरिएको छ ।

पाथीभरा देवस्थल एक शक्ति पिठ हो । यस देवीलाई किराँत, हिन्दू र बौद्ध धर्मावलम्बीहरुको आ-आफ्नो आस्था अनुसार वेद, पुराण, चण्डी, दमाङ तथा मुन्धुम पाठ गरेर पुजाआराधना गर्दछन् र देवीसंग बल र शक्ति माग्दछन् । यूवयुवतीहरु आपसमा प्रेम गरेर देवस्थलमा गई विवाह गर्ने चलन पनि छ । मानिसहरुले प्राय: पाप मोचन र ऐश्वर्य प्राप्तिकालागि विभिन्न देवीदेवताको पूजा आराधना गर्ने गर्दछन् । पाथीभरा देवस्थलका पूजारी टीका पौडेलका अनुसार पाथीभरा देवीको पूजामा भक्तजनहरु विशेषत सन्तानप्राप्ति, व्यपार वृद्धि , रोगव्याधी उन्मुलन , आफुलाई परेको दुख र समस्याबाट मुक्ति तथा परिवारको आरोग्य, ऐश्वर्य र चिरायुका प्राप्तिका लागि आउने गर्दछन (टीका पौडेल, प्रत्यक्ष अन्तर्वार्ता) । यस देवस्थलमा पूजा गर्न पूर्वी नेपालका अधिकांश जिल्लाहरुबाट उल्लेखनीय रुपमा भक्तजनहरु आउने गर्दछन् । यसको अतिक्ति मध्य नेपालका तराईका जिल्लाहरु, काठमाडौ उपत्यका , पोखरा  लगायतका देशका विभिन्न स्थानहरुवाट तथा अन्य देशहरुमा भारतको सिक्किम, आसाम, दार्जिलिङ, मेघालय, विहार, उत्तरप्रदेश र भुटानबाट पनि बर्षेनि उल्लेख्य संख्यामा यस देवीको दर्शन गर्न भक्तजनहरु आउने गरेको कुरा पाथीभरा क्षेत्र विकास समितिको तत्थ्याङ्कबाट देखिन्छ ।

पाथीभरा देवस्थलको दर्शनमा जुठो र सुतक वारेको, वरखी बारेको, महिनावारी भएकी महिला, गर्भवती महिला र पाप र अपराध मन बोकेको मानिस जान नहुने र गएमा त्यस्ता मानिसहरुले दैवीविपत्तिको सामना गर्नुपर्ने जनविश्वास छ । देवीको दर्शन र पूजामा जाने भक्तजनहरुले अविर, केशरी, फूलअक्षाता, जनै, नरिवल , सुपारी, काचो धागो , टिका, चुरा, पोते, ऐना, फलफूल, साडीचोलो, रातो,सेतो र पहेलो रंगको कपडा, धूबपाती, नैवेध, डिम्मा आदि पूजा सामाग्रीहरुले देवीको पुजा गर्ने प्रचलन छ । पूजागर्दा पनि शुरुदेखि क्रमश: द्वारपाले, गणेशदेव, शिवजी, भैरव, कुम्भकर्ण-कन्चनजंघा आदि हिमाल, त्रिशुलपूजा, वनदेवी, खोलापूजा, सिकारी, पितृदेव, ग्रहपूजा गरिसकेपछि अन्त्यमा पाथीभरादेवीको मुख्यमूर्तिमा पूजा गरी संखघण्ट बाजाई देवीको पूजा सम्पन्न गर्ने नियम छ (टीका पौडेल, प्रत्यक्ष अन्तर्वार्ता) ।

पाथीभरा देवीलाई पशुपंक्षीको भोगबली दिएर पूजाआजा गर्ने पूरानो परम्परा छ । यसरी पूजा गर्नेहरु देवीलाई हाँस, परेवा, कुखुरा, वाख्रा र  भेडाको वलीदिई पूजा गर्दछन् । तर आजकल पाथीभरा

देवीलाई फलफूल, धुपपाती, नैवेध चढाई पूजाआजा गर्ने प्रचलन बढ्दै गएको छ । मुक्कुमलुङ यूमामाङहिममा भोगवलीबाट पूजा गर्न निशेधे छ । त्यहाँ फलफूल, नैवेध, धुपअक्षाता, भेटीपाति अदिले पूजा गरिन्छ । पाथीभरा देवीको पूजाको लागि उत्तम तिथी पञ्चमी र वार शनिवार हो । पाथीभरा देवस्थलमा ठूलो मेला दशैंको नौरथाको समयमा लाग्ने गर्दछ । यो समयमा एकै दिनमा नौ-दश हजार मानिसहरुले पाथीभरा देवीको दर्शन गर्ने अनुमान गरिएको छ । त्यसपछि चैते दशै र चण्डि पूर्णिमामा पनि देवस्थल प्राङ्गणमा मेलालाग्ने गर्दछ ।

## निष्कर्ष

पाथीभरा देवस्थल रहेको पर्वतलाई यस क्षेत्रका आदिवासी लिम्बू जातिले आदिकालदेखि नै पवित्र शक्तिदायिनी पर्वतको रुपमा सेमुक्ति मुक्तिगोक, सेमुक्तु मुक्तुबुङ, मुक्तिगोक माङ, मुक्तिफोमाङ, मुक्कुमलुङ आदि जस्ता अनेकौं पर्यायवाची नामहरुले मानिपूजी ल्याएको पाइन्छ । यस कारण यो देवस्थलसंग लिम्बू जातिको परम्परा जोडिएकाले उनीहरुको पवित्र मुन्धुमी स्थल हो ।

खष-आर्य समुदाय लगायत अन्य जातिका मानिसहरु नेपाल एकिकरणसँगै यस क्षेत्रतर्फ बसाइँ सरी आएपछि वोन धर्म परम्परा अनुसार जानपा झाँक्री मानचन गरुङले यस देवीको सर्वप्रथम स्थापना गरेको कुरा उल्लेखित विभिन्न तत्थ्यहरुबाट देखिन आउँछ । त्यसपछि खषआर्य समुदायका मानिसहरुले उक्त पर्वतको नाम 'पाथीभरा' र त्यहाँ अवस्थित देवीको नामपनि 'पाथीभरा देवी" राखेको प्राप्त तत्थ्यहरुको विश्लेषणबाट स्पष्ट हुन्छ । पाथीभरा देवीको स्थापना आजभन्दा करिव एकसय पचहत्तर वर्षअघि वा सो समयको आसपासमा भएको देखिन्छ ।

पाथीभरा देवस्थलमा शुरुमा देवीदेवताको आकृति अंकित कुनै मूर्ति थिएनन । देवस्थल पनि हालको स्थान भन्दा केही तल एक ओडारमा रहेको थियो । साधा शिलालाई देवीको प्रतिमूर्ति बनाएर करिब एक शताब्दीसम्म त्यहिं भक्तजनहरुले पूजाआजा गरेको देखिन्छ । आजभन्दा करिब नब्बे बर्ष अघि यस देवीलाई हालको स्थानमा स्थापित गरिएको हो । यहाँ मूर्ति पूजाको परम्परा पनि त्यति पूरानो छैन । सर्व प्रथम देवस्थलमा परिसरमा राखिएको दुर्गाको पुरानो मूर्ति आजभन्दा करिब ३५-४० वर्ष अघि स्थापना भएको पाइन्छ । त्यसपछि विगत केही बर्ष यतादेखि देवस्थल परिसरमा विशेषत हिन्दू धर्म सम्बद्ध विभिन्न देवी देवताका मूर्तिहरु स्थापना गरी पूजा गर्न थालिएको देखिन्छ ।

पाथीभरा देवस्थलमा रहेका मूर्त सांस्कृतिक सम्पदाहरुमा मुख्यगरी पुरानो साधा शिलाको मूर्ति, दुर्गादेवी, कालिका भगवती, गणपति, भैरव र शिवलिङ्गका मूर्तिहरु, यूमामाङहिम, महागुरु फाल्गुनन्दको शालिक हुन । यस्तै पाथीभरा क्षेत्रमा निर्मित धर्मशाला, हवनकुण्ड घर तथा पाटीपौवा एवं देवस्थलमा राखिएका घण्टीहरु समेत यहाँका मूर्त सांस्कृतिक सम्पदाहरु हुन ।

यस देवस्थलसंग विभिन्न अमूर्त सांस्कृतिक सम्पदाहरु जोडिएका छन । विशेषत यस देवस्थललाई शक्तिपिठको रुपमा मानिन्छ । जुठो-सुतक बारेको, महिनावारी भएको र मनमा पाप बोकेको व्यक्तिले यस देवस्थलको दर्शन गर्न नहुने विश्वास रहेको छ । यहाँ हाँस, परेवा, कुखुरा, वाखा र भेडाजस्ता पशुपंक्षीको


भोगबली दिएर देवीको पूजाआजा गर्ने प्रचलन छ । साथै अविर, केशरी, फूलअक्षाता, नरिवल, सुपारी, काचो धागो, टिका, चुरा, पोते, ऐना, फलफूल, साडीचोलो, ध्वजापातका, धूपबाती, नैवेध आदि पूजासामाग्रीहरुले देवीको पूजाआजा गर्ने गरिन्छ । पाथीभरा देवीको दर्शन गरेमा सन्तान प्राप्ति, व्यपार वृद्धि, रोगव्याधी उन्मुलन, आफुलाई परेको दुख र समस्याबाट मुक्ति भई परिवारमा आरोग्य, ऐश्वर्य र चिरायु प्राप्ति हुन्छ भन्ने भक्तजनहरुको विश्वास रहेको देखिन्छ । यस देवस्थलमा विशेषत दशैंको नौरथा, चैते दशै र चण्डिपूर्णिमाको अवशरमा मेला लाग्ने गर्दछ ।

**परिशिष्ट - क**




***चित्र नं. १.*** **पाथीभरा देवस्थल रहेको डाँडा**

## परिशिष्ट - ख



*चित्र नं. २.* पाथीभरा देवस्थल

## परिशिष्ट - ग

### तत्थ्याङ्क संकलनको क्रममा अन्तर्वार्ता लिइएका स्रोतब्यक्तिहरुको विवरण

| क्र.सं. | स्रोत व्यक्तिको नाम थर | उमेर बर्ष | ठेगाना | पद/पेशा | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|---|
| १ | टीका पौडेल | ५५ | फूङलिङ न.पा.- ८, ताप्लेजुङ | पूजारी | २०७८।१२।१३ |
| २ | डम्बर येङदेन | ५८ | बुद्धशान्ति न.पा.- ४, झापा | यूमासाम | २०७९।१०।२७ |
| ३ | डिल्लिजङ मादेन | ६८ | फूङलिङ न.पा.- ४, ताप्लेजुङ | समाजसेवी | २०७८।०९।१० |
| ४ | डिल्लिराम गुरुङ | ७७ | फूङलिङ न.पा.- ६, ताप्लेजुङ | समाजसेवी | २०८०।०१।०७ |
| ५ | मनमणी काफ्ले | ५३ | फूङलिङ न.पा.- ५, ताप्लेजुङ | कर्मचारी | २०८०।०६।२१ |
| ६ | लेखबहादुर पालुङ्वा | ६३ | फूङलिङ न.पा.- ७, ताप्लेजुङ | तुम्याङ | २०७९।१०।१५ |

## सन्दर्भ सामाग्री सूची

आङबुङ, डि.बि. सम्पा.(वि.सं. २०७९), *याक्थुङ साम्जिक मुन्धुम,* सोधुङ्गेन लेप्मुहाङ फेदाङ्मा जानपा संघ ।

खतिवडा, डा. सोमप्रसाद (वि.सं. २०७४), *नेपाली संस्कृति विश्वकोश,* जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

जिल्ला विकास समिति ताप्लेजुङको बस्तुस्थिति विवरण (District Profile) - २०७२

थापा, राजेश्वर (२०७०), *परमसिद्धि प्रदायिनी पथीभरा भगवती,* सातौ संस्करण, प्रकाशन लेखक स्वयं ।

थापा, राजेश्वर (२०७४), *मनोकांक्ष प्रदायिनी भगवती पथीभरा,* नवौं संस्करण, प्रकाशक चन्द्र मादेन 'आन्छन' ।

थापा, राजेश्वर (२०७४), *पावन पवित्र मुक्कुमलुङ्मा,* चन्द्र मादेन 'आन्छन' ।

दाहाल, मोहनचन्द्र (वि.सं २०७४), भगवती पाथीभरा माताको चर्चासँगै शाखाहरुको चिनारी, *पाथीभरा स्मारिका,* पाथीभरा देवी मन्दिरक्षेत्र संरणक्ष तथा सम्वर्धन समिति ।

नेपाल, शान्तिराम (वि.सं २०६१), *पाथीभरा देवी मन्दिर : एक ऐतिहासिक अध्ययन,* स्नातकोत्तर शोधपत्र , शिक्षा शास्त्र संकाय, त्रि.वि.वि.।

नेपाल, शान्तिराम सं. (वि.सं २०७४), धार्मिक आस्थाको साझा केन्द्र पाथीभरा, *पाथीभरा स्मारिका,* :पाथीभरा देवी मन्दिरक्षेत्र संरणक्ष तथा सम्वर्धन समिति ।

पराजुली, सन्ध्या खनाल (वि.सं. २०७५), *प्रतिमा लक्षण,* रत्न पुस्तक भण्डार ।

मादेन, लोकबहादुर फेन्दुवा (वि.सं. २०७९), *ताप्लेजुङको ऐतिहासि र पौराणिक अध्ययन,* दोस्रो संस्करण, ललिता फेन्दुवा मादेन ।

मावोहाङ, अर्जुनवाबु (वि.सं २०६९), *लिम्बू जातिको मुन्धुम र इतिहास,* हरिश्चन्द्र मावुहाङ र भीम माबुहाङ ।

मेन्याङ्वो, लक्ष्मण (वि.स.२०६२), *याक्थुम मुन्धुम,* तेजबहादुर मेन्याङवो ।

सेन्दाङ, भूपालकुमार (वि.सं. २०८०), *ताप्लेजुङ जिल्लाका मुन्धुमी स्थलहरुमा प्रचलित अमूर्त सांस्कृतिक परम्परा,* एम.फिल.शोधपत्र, संस्कृति केन्द्रीय विभाग, त्रि.वि.वि ।

स्रेङचोङबाङ, रनधोज (२०७०), *सुम्सेम्बा याग्राङसिङ तङसिङ मुन्धुम,* दोस्रो संस्करण, याक्थुङ फेदाङ्मा सङ्चुम्भो विश्व संचालन समिति ।

हज्सन पाण्डुलिपि, खण्ड ८६, फोलियो - २ द ।

Malinowski, B.(1960). *A scientific theory of culture and essays*, Oxford Uuniversity Press.

Tylor, E. B. (1871). *The science of culture from primitive*, In Bohamen & Glaxer(ed.), High point anthropology. Alfred A.Knof. Private Limited.